# प्रेस विज्ञप्ति- २६८

# Press Release- 268

लागू औषध नियन्त्रण व्यूरो
**Narcotics Control Bureau**
कोटेश्वर, काठमाडौ ।
मिति: २०७६।०८।१५ गते ।

## लागू औषध एम्फेटामाईन(आईस) १ किलो २२९ ग्राम, कोकिन ९० ग्राम र यावा ८८१ ट्याबलेट सहित १ जना मानिसहरू पक्राउ ।

विशेष सूचनाको आधारमा लागू औषध नियन्त्रण व्यूरोबाट खटिएको प्रहरी टोलीले विगत लामो समयदेखिको सूचना संकलन, बिश्लेषण एवं निगरानी पश्चात मिति २०७६।०८।१३ गते १५:३० बजेको समयमा जिल्ला काठमाण्डौ, का.म.न.पा. वडा नं. ४, धुम्बराही स्थित सडक किनारबाट जिल्ला गोरखा, चुमनोबी गा.पा. वडा नं. ४ स्थाई ठेगाना भई हाल जिल्ला काठमाण्डौ वडा नं. ६, रामनगर बस्ने बर्ष ५६ को ओडगेन लामालाई निजको साथबाट लागू औषध एम्फेटामाईन (आईस) २९ ग्राम, कोकिन ४ ग्राम र यावा ९९ ट्याबलेट सहित पक्राउ गरी अनुसन्धान पश्चात निजको कोठामा समेत खानतलासी गर्दा निजले लुकाई छिपाई राखेको लागू औषध एम्फेटामाईन(आईस) १ किलो २०० ग्राम, कोकिन ८६ ग्राम र यावा ७१२ ट्याबलेट गरी कुल जम्मा **लागूऔषध एम्फेटामाईन(आईस) १ किलो २२९ ग्राम, कोकिन ९० ग्राम र यावा ८८१ ट्याबलेट** बरामद गरिएको छ ।

**नोट:-** पक्राउ परेका ओडगेन लामा यस पूर्व पनि मिति २०६२।०७।०७ गते ५६ के.जि. ४०० ग्राम लागू औषध चरेस सहित पक्राउ परी यस व्यूरोबाट मुद्दा दर्ता भई २ बर्ष ६ महिना कैद भूक्तान गरेका व्यक्ति हुन । निज भारतमा बसी नेपालको पूर्वी सिमानाका हुदै काठमाण्डौलाई केन्द्रीत गरी लागू औषध एम्फेटामाईन, कोकिन र यावा कारोवार गर्ने मुख्य व्यक्ति रहेको प्रारम्भिक अनुसन्धानबाट खुल्न आएको छ ।

निज उपर यस व्यूरोबाट लागू औषध नियन्त्रण ऐन, २०३३ बमोजिम मुद्दा दर्ता गरी आवश्यक अनुसन्धान भईरहेको व्यहोरा जानकारीका लागि अनुरोध ।

•••

Contact no.: 014601048, email: ncbnepal@gmail.com Web: https://ncb.nepalpolice.gov.np/, https://www.facebook.com/ncb.nepol


经典
好茶



